# प्रतिक चिन्ह (लोगो) डिजाइन सम्वन्धी सूचना

सूचना प्रकाशित मिति: २०७७/०४/०७

नार्पा भूमि गाँउपालिकाको आठौं गाँउसभाको बैठकको निर्णय अनुसार गाँउपालिकाको समग्र पहिचान झल्कने प्रतिक चिन्ह (लोगो) निर्माण गर्न सार्वजनिक सूचना मार्फत इच्छुक प्रस्तावदाताहरुसँग यो ३० दिने सूचना आह्वान गरिएको छ ।

प्रतिक चिन्ह (लोगो) डिजाइनका सर्तहरु

- लोगोमा नेपालको झण्डा र हिमाल अनिवार्य हुनुपर्नेछ ।
- शान्तिका अग्रदुत गौतम बुद्धसंग सम्वन्धित संकेत तथा चिन्हहरुको प्रयोग भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।
- गाँउपालिकाको नाम अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ ।
- लोगोले नार्पा भूमि गाँउपालिकाको विशेषता तथा विशिष्टता झल्काउनुपर्नेछ ।
- लोगो निर्माण गर्दा जातिय विभेद, साम्प्रदायीकता, सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डतामा आँच आउने कुनै संकेत वा चिन्हहरु प्रयोग गर्न पाइने छैन ।
- लोगो डिजाइनको विद्युतिय कपी सूचना प्रकाशित मितिले ३० दिनभित्र आफ्नो नाम,ठेगाना, सम्पर्क नम्बरसहित कार्यालयको *logo.narpabhumi@gmail.com* मेलमा ईमेल गर्नुपर्नेछ ।
- पेश भएको डिजाइनमा मूल्यांकन समितिबाट परिमार्जनको सुझाव आएमा परिमार्जन सहित डिजाइन स्वीकृत गर्न सकिने छ । यसरी परिमार्जन भएमा सर्जकले सोही अनुसार गर्नुपर्नेछ ।
- सामुहिक रुपमा गरिएको डिजाइनलाई मान्यता दिईने छैन ।
- म्याद नाघी आएको वा शर्त राखी पेश भएको डिजाइन स्वीकार्य हुने छैन ।
- लोगो छनोटको अन्तिम अधिकार गाँउपालिकामानै निहित रहनेछ, छनौट सम्वन्धमा कुनै दावी विरोध गर्न पाइने छैन ।
- छनौट भएको डिजाइनको प्रतिलिपी सहितको सर्वाधिकार गाँउपालिकामा निहित रहनेछ ।

## पुरस्कार राशि: रु १५,०००।-


अन्य थप जानकारीका लागि

**उज्वल बास्तोला**

**सूचना प्रविधि अधिकृत**

**सम्पर्क नं: ९८४६७०७३८५**


नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ